Table of Contents

Table of Contents 1
यो भ्रम नै भ्रमको देश हो : महेशराज पन्त 2
यसमा तपाईको मत 6
सम्बन्धित समाचार 7
हो, म नै हो मुख्यमन्त्री : शेरधन राई 7
संघीयता समृद्धिको बाधक नै हो? 7
मित्रता नै छिमेक नीतिको प्रस्थान विन्दु हो: प्रधानमन्त्री ओली 7
के नेपाल सहरै सहरको देश हो ? 7
स्वीडेनबाट मैनालीको साङ्गीतिक प्रश्नः यो देश बनाउने जिम्मा कसको हो? 7
'नेपालको पहिचान हिन्दूत्व नै हो' 7
होटल उद्घाटन नगरी फर्किए प्रधानमन्त्री 8
दाहाललाई पूरानै 'रोग' बल्झिने डर 8
हिरासतमा राखेकै छैनौ : प्रहरी 8
किशोरी हत्याका मुख्य योजनाकार प्रेमी नै भएको खुलासा, २१ दिनपछि पक्राउ 8
छुटाउनु भयो कि? 8
अन्य समाचार 9
आइफोन प्रयोगकर्ताले मात्र भोग्नु पर्ने झन्झटहरू 9
सिद्धार्थ बैंकको Cover Song प्रतियोगिताको विजेता रू ५०,००० बाट पुरस्कृत 11
लक्ष्मी बैंकको वर्ल्डकप योजना 12
सेकेन्ड ह्यान्ड मोटरसाइकल किन्दा ध्यान दिनु पर्ने कुराहरु 13
महंगिए सुर्तीजन्य पदार्थ 14
फोर्ब्स २०१९ : ३० वर्षमुनिका उद्यमी 15
वर्ल्डलिंकद्वारा नेशनल मार्केटिंग एक्सिलेन्स प्रतियोगिता २०१९ शुरु। 17
आज ब्ल्याकबेरी मेसेन्जरको अन्तिम दिन 18
OTHER LINKS 19

webtopdfconverter.com

यो भ्रम नै भ्रमको देश हो : महेशराज पन्त

आइतबार, २९ साउन २०७४, १० : ०१ | नागरिक

4
SHARES

webtopdfconverter.com



नागरिक संवादमा महेशराज पन्त

Mahindra
AGNI GROUP

भावुक भएर भनिएको होइन, यहाँ अन्तर्वार्ता गरिएका विद्वान् डा.महेशराज पन्त नेपालका एक यस्ता पुराविद् हुन्, जो नेपाल अध्ययनका लागि सबैभन्दा विश्वसनीय स्रोतसंस्था हुन्। पिता नयराज पन्तले २००९ देखि सुरु गरेको संशोधन मण्डल पाठशालाका विद्यार्थी महेशराजले पाठशालाकै अध्ययनका आधारमा विद्यावारिधि गरे, जर्मनीको ह्यामबर्ग विश्वविद्यालयबाट। ६५ वर्षको उमेरसम्म त्यहीँ जागिरे भइरहन पाउने 'हाइफाई' अवसर बीचमै छोडेर ५९ वर्षको उमेरमा नेपाल आए। नेपाली, संस्कृत, अंग्रेजी र हिन्दीमा लेख्न–पढ्न सक्ने पन्त पढ्न चाहिँ यी भाषालगायत प्राकृत, नेवारी, जर्मन, फ्रेन्च, मराठी, बंगाली पनि सक्छन्। उनका दुई सयभन्दा बढी शोधलेख प्रकाशित छन्। जर्मनी र भारतबाट एकएक गरी नेपालबाट उनका छवटा पुस्तक प्रकाशित छन्। उनी इतिहासप्रधान त्रैमासिक पत्रिका 'पूर्णिमा'को उठानदेखिका सम्पादक पनि हुन्, जसको १४४ औँ अंक प्रकाशोन्मुख छ। भूपी शेरचनले 'यो हल्लैहल्लाको देश हो' भनेझैं पन्त उही भाकामा भन्छन्, 'यो भ्रम नै भ्रम लेख्ने, प्रचार गर्ने र त्यही पत्याउने देश हो।' विद्यालय–विश्वविद्यालयको विकल्पका रूपमा पिता नयराजले चलाएको संशोधन मण्डल 'विफल–अवरुद्ध' भएको पीडाबीच महेशराज पन्त यही भदौ ४ गते ७३ वर्ष पूरा हुँदैछन्, तर उनीसँग ३७ वर्षे तन्नेरीसँगभन्दा बढी जोस छ, खोज्नुपर्ने–

webtopdfconverter.com



लेख्नुपर्ने थुप्रै योजनाको चाङ छ। उनै पन्तसँग नागरिकका लागि *विमल आचार्य*ले साउन २७ र २८ गते गरेको अन्तर्वार्ता :

संशोधन मण्डल सफल कि विफल?

यो मैलेभन्दा पनि यहाँहरूले मूल्यांकन गर्ने कुरा हो। म कसरी भनूँ, सफल? अथवा म कसरी भनूँ, विफल? भन्नु नै पर्ने हो भने म सगर्व भन्छु, नेपालको इतिहासका जति तथ्य र प्रमाण बाहिरिएका छन्, तिनमा ७५ प्रतिशत योगदान संशोधन मण्डलको छ। प्राचीन–मध्यकालिक–आधुनिक नेपालको इतिहासका जति पनि स्कलरको नाम लिइन्छ, ती सबैजसो संशोधन मण्डलकै उत्पादन हुन्। यसअर्थमा मण्डल सफल। हामीले पाठशालालाई चलाउँदै जान सकेनौँ। यसतर्फ नयाँ पुस्तालाई तान्न सकेनौँ। यसअर्थमा हामी विफल हौँ।

किन निरन्तर हुन सकेन?

विदेशी सहयोग नआउने भए केही गैससमा, सरकारले तलब नदिने भए त्रिवि–एकेडेमीजस्तामा को अनुसन्धाता हुथ्यो होला? हामीले बाह्य सहयोग नलिने, दाताको ढोका चहार्न नजाने, उनीहरूको एजेन्डामा काम नगर्ने, यो काममा लागेर रातारात धनी हुन नसकिने, अनि को आउँछ प्राचीन सामग्री अध्ययन गर्न? हाम्रा विश्वविद्यालयबाट उच्च अंकसहित डिग्री–विद्यावारिधि लिएको कसैले पनि भेटिएको कुनै अभिलेख, शिलापत्रको अर्थ दिन त के सन्दर्भसमेत बताउन सक्दैन। त्रिविको संस्कृति, इतिहास, पुरातत्व विभागबाट अभिलेख राम्ररी पढ्न सक्ने, उल्था गर्न सक्ने, व्याख्या गर्न सक्ने, न त इपिग्राफिस्ट, न त आइकनोग्राफर एक जना पनि छैन। मूल अभिलेखको कनीकुथी–हावादारी उल्था गरेर आनका तान फरक पारेका उदाहरण प्रशस्त छन्, पुरातत्व विभागकै। शब्दानुवाद गर्न सकिने ठाउँमा पनि भावानुवाद गर्नु विडम्बना हो। यो व्यक्तिको दोष होइन, हाम्रो दूषित पढाइको दोष हो।

अंग्रेजी र संस्कृत पढैयाबीच निकै दूरी छ नि? दुवै भाषामा पकड छ यहाँको। कमलप्रकाश मल्लको सन्दर्भसहित भनिदिनुस् न?

कमलप्रकाश मल्लले 'संस्कृत पढेकाहरू शक्तिका सानुराग बफादार भएका छन्' भनी लेखे। मैले उनलाई एक लेख लेखेर जवाफ दिइसकेको छु। म आफूले १४ वर्ष हुँदा एबीसीडी सिकेको हुँ। पछि मैले यसमा पनि राम्रो पकड जमाएँ। राम्रो स्कलर हुन सकेसम्म धेरै भाषाको ज्ञान हुनु जरुरी छ। तर, केही वर्षयता के देखिएको छ भने, संस्कृत पटक्कै नजान्नेहरू टुटेफुटेको अंग्रेजीकै भरमा विद्वान् कहलिएका छन्। गोरा–पश्चिमाहरूलाई खुसी पार्ने, उनीहरूले जे लेखे पनि पत्याइदिने, विदेशीले थुकेर फालिदिएको जुठोलाई भव्य स्वागत गर्ने प्रचलन बढेको छ, हामीकहाँ। मेरो अनुभवले के भन्छ भने नेपालमा अंगे्रेजीमा लेख्दा इज्जत बढ्दो रहेछ तर पाठक चाहिँ नेपालीमै लेख्दा बढ्दा रहेछन्।

हिजोआज दुईथरी बहस खुबै सुनिन्छ। एकथरी इतिहासका पुराना पात्र र सन्दर्भलाई अहिलेका आँखाले हेर्ने र पुरानालाई सराप्ने। अर्काथरी, त्यही समयको विश्व सन्दर्भमा हेर्नुपर्छ, पुर्खाको आलोचना गर्नु पाप हो भन्ने। इतिहासलाई कसरी बुझ्ने?

यी दुवै हावादारी, अतिवादी तर्क हुन्। इतिहासको आत्मा भनेको प्रमाण र तथ्य हो। प्रमाण र तथ्यले जे भन्छ, त्यसरी नै व्याख्या गर्ने हो। हालै दुई किताब निस्किएका छन् नि। एउटा पृथ्वीनारायण शाह अचेतनशील–अबुझ हुन् भन्ने अर्को उनले कीर्तिपुरेको नाक काटेकै होइनन् भन्ने। दुवै गलत। यहाँ हल्ला पिट्नेहरूकै बोलवाला छ।

के इतिहास राजा–महाराज र जिन्नेहरूको मात्र हुन्छ?

हुँदैन। न राजा, न प्रजा, इतिहास तथ्य र प्रमाणको हुन्छ। तर, हाम्रोमा इतिहासका साधनको रक्षा गरेर राख्ने परिपाटी नभएकाले धेरैजसो इतिहास शासनमा पकड भएकाहरूकै आएको छ।

यहाँहरू जेलाई तथ्य/प्रमाण भन्नुहुन्छ कतिपय चाहिँ तिनमै शंका गरेर ती प्रमाणाभास मात्र हुन् पनि भन्छन् नि?

संसारको प्राचीनतम वाङ्मयको अध्ययन नगरेकाहरूले यसो भन्ने हो।

हुनत इतिहास भनेकै राजनीतिक इतिहास हो। तर, हामीकहाँ राजनीतिकबाहेक सामाजार्थिक, सांस्कृतिक, भौगोलिकजस्ता इतिहासमा काम भएको छ?

webtopdfconverter.com

साँच्ची भन्ने हो भने राजनीतिक इतिहासमा पनि काम भएको छैन। काम केवल राजवंशको इतिहास (लिच्छवि, मल्ल, शाह वंश इत्यादि) मा मात्र भएको छ। सर्वाङ्गीण इतिहास लेख्न शासकले आफ्नो कुरा प्रचार गर्न राखेका अभिलेख मात्र पर्याप्त हुँदैनन्। यसका लागि प्राचीनकालदेखिका विभिन्न शास्त्रीय वाङ्मयको आलोडन गर्नुपर्छ।

'नेपालका पब्लिक इन्टेलेक्चुअल' शीर्षकको लेखमा यहाँले विदेशीको इसारामा नाच्नेलाई बौद्धिक भनिएको भनी टिप्पणी गर्नुभएको छ। के यस्तै छन् सबै?

हाम्रा बौद्धिक खासगरी चार किसिमका छन्ः बन्दी, नागरक, घोषवृद्ध र सत्री। यो भनेको के हो भन्नुहोला भने, बन्दी भनेको भाट अथवा चाकर। नागरक भनेको खानलाउन दुःख नभएको जो अनेकलाई भेला गराउँछ, सेवक बटुल्छ, प्रचार गर्छ। घोषवृद्ध भन्नाले उसलाई विश्वको ज्ञान केही हुँदैन, तर ऊ आफ्नो कुवाको व्याख्या यसरी गर्छ कि संसारमै पहिलो–ठूलो शान्त–सुन्दर भनेर। मेरो धर्म, मेरो संस्कृति, मेरो देश संसारमा कहीँ नभएको सुन्दर, शान्त, विशाल भन्दै उफ्रिनेहरू यही कोटिका हुन्। र, अन्तिममा सत्री भनेको आफ्नो विद्यालाई राजनीतिमा, शक्तिमा प्रयोग गर्ने व्यक्ति।

पाँचौँ कोटि भन्नुभएन, उसो भए के बौद्धिक नै कोही छैनन् त?

बौद्धिक भनेको त लाभ–हानिको ख्याल नगरी, सत्य र विवेकको धर्म कहिल्यै नछोड्ने निष्काम बुद्धिमान् हो। हामी जसलाई बौद्धिक भनिरहेछौँ ती मसीजीवी हुन्। यहाँ बौद्धिकताको खडेरी नै छ। विदेशी समुदाय, हाम्रै पार्टीहरू, हुँदाहुँदा अहिले त छोटेव्यापारीकै स्वार्थमा उनीहरूको आशीर्वाद–पदप्राप्त गर्न तँछाड–मछाड गर्दै बोल्ने–लेख्नेहरू कसरी बौद्धिक?

हाम्रा विश्वविद्यालय, त्यसअन्तर्गतका अनुसन्धान केन्द्र, विभिन्न एकेडेमीहरूमा यत्रा प्राध्यापक, डाक्टर, प्राज्ञ छन्, त्यहाँ पो छन् कि बौद्धिक? थिंक ट्यांक भनिने केही प्राज्ञिक गैसस पनि छन्, त्यहाँ पो छन् कि बौद्धिक?

म यीबारे टिप्पणी गर्ने मुडमा छैन। सिनासमा हाम्रो संशोधन मण्डलका धनवज्र वज्राचार्य हुँदा उच्च कोटिका पुस्तक निस्किए। अहिले कसले के लेखे, के गरे? तपाईं एउटा गतिलो पुस्तकको नाम लिन सक्नुहुन्छ? एकेडेमीले अहिले मात्र हैन, कहिल्यै गतिलो अनुसन्धान गरेन। हामीलाई अनुसन्धान–ज्ञान चाहिएर ती एकेडेमी खोलिएको–चलाइएको हो भन्ने भ्रममा हुनुहुन्छ भने मुक्त हुनुहोस्। ती त शासकहरूले आफ्ना सेवकहरूलाई सिर्फ जागिर दिन खोलिएका संस्था हुन्।

एकेडेमीमा यहाँको बुबा नयराज, यहाँहरूकै ज्ञानमणि नेपाल पनि जानुभएको थियो। अहिले संशोधन मण्डलकै सबैभन्दा कान्छो २२ औँ नम्बरका यहाँका भाइ पनि हुनुहुन्छ। यहाँ चाहिँ किन जानुभएन?

हो, २०३६ सालमा बुबा जानुभयो। चाकरी गरेर, मलाई बनाइदेऊ भनेर जानुभएको होइन, उहाँ। तर, त्यहाँ रहेर उहाँले खासै धेरै योगदान दिन सक्नुभएन। मलाई प्रस्ताव आएको छैन, आउँदैन र आए पनि म जान्नँ। अरू पैसा खाएर यो क्षेत्रमा लाग्छन्, म पैसा छोडेर मात्र होइन, आफ्नो पैसा खर्च गरेरै यो क्षेत्रमा छु।

किन यस्तो भयो त?

म यहाँलाई दुइटा कुरा सुनाउँछु। एकेडेमीले छापेको एउटा किताब म जर्मनीमा हुँदा सँगै रहेछ। मेरा त्यहाँका साथीहरूले हेरे, किताबको भित्री पानामा एउटा फोटो छापिएको थियो। उनीहरूले को हुन् यी भनेर सोधे। फोटोमा राजा महेन्द्र कुर्सीमा बसेका अनि सोमनाथ र लेखनाथजस्ता वरिपरि उभिएका। मलाई लाज लाग्यो। तर, मैले उभिएका यी नेपालका ठूला कवि हुन् भन्नैपर्‍यो। एक त उभ्याउनै नहुने राजा उस्तै। उभिनेहरू पनि उस्तै, प्रतिवाद गर्न सक्नुपर्‍यो नि। हो, अहिले त अवस्था यो भन्दा झनै बिग्रेको छ।

केही वर्षअघि राष्ट्रिय प्रतिभा पुरस्कार दिन्छौँ, तिमी बायोडाटा पठाऊ भन्न आए, मन्त्रालयका मान्छे। मैले भनेँ, मैले किन दिने? काम के छ, काम कस्तो छ भनी खोज्ने, मूल्यांकन गर्ने त तिमीहरूले हो कि म आफैँले? उनले भने, धर्मराज थापाजस्तो महान् मान्छेले त बायोडाटा बुझाएका छन्। हेर्नुस्, यस्तो छ अवस्था। बौद्धिकसँग अडान हुनुपर्छ। लुरुक्क परेर जाने। बौद्धिकमा आफू र आफ्नो कामप्रति घमण्ड पनि त हुनुपर्छ।

हामी कि अधिमूल्यन कि अवमूल्यन मात्रै गर्छौँ?

हो, हामी इतिहासमा नचाहिँदा कथा हाल्छौँ। मिथलाई इतिहास भन्ठान्छौँ। हामीले कस्ता व्यक्तिलाई राष्ट्रिय विभूति मानेका छौँ? हामी ऐतिहासिक र प्रामाणिकभन्दा धार्मिक र मिथकीय पात्र पुज्छौँ। लडाइँमा हार्ने अमरसिंह र बलभद्र हाम्रा विभूति, तर जित्ने पाल्पाका उजिरसिंह अथवा पूर्वका भक्तवीर हामी चिन्दैनौँ। राजनीतिमा भनाइ छ, आफूले हराएको शत्रुको तारिफ गरिदिनुपर्छ। अंग्रेजहरूले अमरसिंह र बलभद्रको गर्नु तारिफ गरे, यसो गर्दा

प्रकारान्तरले अंग्रेजहरूले आफ्नै चर्चा र तारिफ गरे। हामीले त्यही पत्यायौँ। यस विषयमा नयराजले २००७ मै लेखिसक्नुभएको हो। जंगबहादुरले गरेको जति अपराध भीमसेनले पनि गरे। दुवैले राजालाई थपना बनाएर शासन गरे। भीमसेनको पालामा मुलुक गुम्यो, जंगबहादुरको पालामा थपियो। तर, भीमसेन विभूति, जंगबहादुर कथित अन्धकार युगका प्रवर्तक? अनि त्यो अन्धकार युग हो भने यही युगका मोतीराम उज्याला विभूति? जनक भनेको वंश अर्थात् अहिलेको थरजस्तो हो, उनी विभूति? यस विषयमा मैले २०३८ सालमै लेखिसकेको हुँ। तर, यहाँ न कोही पढ्छ, न गल्ती औँल्याइदिँदा पनि सच्याउँछ। अधिमूल्यन त कतिसम्म हुन्छ भने महेश सरलाई त हेर्नैबित्तिकै फररररर आउँछ पनि भन्छन्। के आउँछ मलाई?

हामी अहिले कुरा गरिरहेको यो क्षेत्र (काष्ठमण्डप) उसै भग्नावशेष छ। हाम्रा पुस्तकालय बोरामा छन्। देशमा सांस्कृतिक–ऐतिहासिक सम्पदा किन यस्तो बेवारिस?

यहाँ यत्रा मन्दिर भत्किए, मूर्ति हराए, शिलालेख नासिए। मैले दुई वर्षयता पुरातत्व विभाग र पुनःनिर्माणबारे ११ वटा लेख छपाइसकेँ, अखबारमा। खै, यहाँ न कोही पढ्छ, न सुन्छ। राज्यका जिम्मेवार निकायहरू खालि कमिसन खाने, हेर्नुस् त?

भुइँचालो आएपछि मेरो घर त केही भएन, तर धेरै दराज लडे, बिग्रिए। १५ हजार जति पुस्तक, पत्रपत्रिका, अभिलेख, चिठीपत्र छन्। म एक्लो मान्छेले आफ्नै खर्चमा सबै व्यवस्थापन गरिसकेँ भने के राज्य सक्दैन? पुस्तकालय, संग्रहालय नाम मात्रका छन्, साह्रै भद्रगोल छ। संरक्षणको कुर्सीमा बसेकाहरू आफ्नो ढुकुटीमा रहेका सामग्रीलाई न्याय गर्न सक्ने योग्यताका छैनन्।

यहाँहरूले लेख्ने शोधलेख, पुस्तक बुझ्न साह्रै कष्ट गर्नुपर्छ। के यहाँलाई इतिहास लेखन धेरै प्राविधिक भयो, सहज सम्प्रेष्य बनाउनुपर्छ भन्ने लाग्दैन?

लाग्छ नि। म एक्लैले केसम्म गरूँ? हामीले आफ्नै बलबुतामा यस्तो तयार पारेपछि अरू कोही जुर्मुराउनुपर्‍यो नि। अँ, सजिलोका नाममा विनास्रोत, विनापादटिप्पणी लेख्नुहुन्न। अहिले खुब चर्चा छ नि एकजना 'अगेन्स्ट द करेन्ट' लेख्छन् भनेर, उनले जसरी सन्दर्भस्रोतसामग्री छिपाएर–लुकाएर लेख्नु बेइमानी र चोरी हो। चोरी चोरी नै हो, बौद्धिक चोरी भन्ने भए आर्थिक–भौतिक चोरी पनि भन्नुपर्छ। स्रोत नखोल्नु अशास्त्रीय काम हो। सबै आफैँले जानेजस्तो गरी लेख्नु पाठकलाई अपमान गर्नु हो।

संशोधन मण्डलको योजना के छ?

म त हवल्दार मात्र हुँ। बाउको बिँडो थामेको मात्र हुँ। इतिहासका थुप्रै तथ्य लेखिन बाँकी छ। बाँकी काम सम्झेर अत्यास लाग्छ। पूरा समय लेखपढमै बितिरहेको छ मेरो। संस्थागत योजना खास केही छैन।

भ्रम | नै | भ्रमको | देश | हो | महेशराज | पन्त

Shikarinsurance

Hyundai Creta - Inner

Dish HOme

Dollar

यसमा तपाईको मत

webtopdfconverter.com

सम्बन्धित समाचार

हो, म नै हो मुख्यमन्त्री : शेरधन राई

हो, म नै हो मुख्यमन्त्री : शेरधन राई

संघीयता समृद्धिको बाधक नै हो?

संघीयता समृद्धिको बाधक नै हो?

मित्रता नै छिमेक नीतिको प्रस्थान विन्दु हो: प्रधानमन्त्री ओली

मित्रता नै छिमेक नीतिको प्रस्थान विन्दु हो: प्रधानमन्त्री ओली

के नेपाल सहरै सहरको देश हो ?

के नेपाल सहरै सहरको देश हो ?

स्वीडेनबाट मैनालीको साङ्गीतिक प्रश्नः यो देश बनाउने जिम्मा कसको हो?

स्वीडेनबाट मैनालीको साङ्गीतिक प्रश्नः यो देश बनाउने जिम्मा कसको हो?

'नेपालको पहिचान हिन्दूत्व नै हो'

'नेपालको पहिचान हिन्दूत्व नै हो'

प्रचलित	मेरो रुचि	सिफारिस

होटल उद्घाटन नगरी फर्किए प्रधानमन्त्री

होटल उद्घाटन नगरी फर्किए प्रधानमन्त्री

दाहाललाई पूरानै 'रोग' बल्झिने डर

दाहाललाई पूरानै 'रोग' बल्झिने डर

हिरासतमा राखेकै छैनौ : प्रहरी

हिरासतमा राखेकै छैनौ : प्रहरी

किशोरी हत्याका मुख्य योजनाकार प्रेमी नै भएको खुलासा, २१ दिनपछि पक्राउ

छुटाउनु भयो कि?

चिनियाँ राजदूतका कारण 'प्रचण्ड'लाई टेन्सन ! माफी माग्न लगाए

टुटलका चालकले युवती पछ्याएपछि...

कर्मचारीको तलब र वृद्धभत्ता बढ्ने

व्यवसायी श्रेष्ठको घरमा भोज

महिलालाई बढी लाग्ने 'लुपस बाथ'

webtopdfconverter.com

सुन पसलमा एसिड किनेर श्रीमतीमाथि प्रहार

युनुसलाई समात्न प्रहरीको चार घण्टा 'कोभर्ट' अप्रेसन

पशुपति दर्शन गर्ने निहुँमा हतियारसहित छिरेका भारतीय प्रहरीको टोली पक्राउ

अन्य समाचार



आइफोन प्रयोगकर्ताले मात्र भोग्नु पर्ने झन्झटहरू

webtopdfconverter.com

सिद्धार्थ बैंकको Cover Song प्रतियोगिताको विजेता रू ५०,००० बाट पुरस्कृत

सिद्धार्थ बैंक लिमिटेडले आयोजना गरेको ऋयखभच क्यलन प्रतियोगिताका विजेता रेशम श्रेष्ठलाई बैंकले ५०,००० रुपैयाँ प्रदान गरेको छ । ...

webtopdfconverter.com

लक्ष्मी बैंक

लक्ष्य छ, लक्ष्मी बैंक छ ।

लक्ष्मी बैंकको वर्ल्डकप योजना

लक्ष्मी बैंकले Ctrl O नामक डिजिटल माध्यमबाट खाता खोल्ने ग्राहकहरुका लागि विशेष योजना सुरु गरेको छ । ...

सेकेन्ड ह्यान्ड मोटरसाइकल किन्दा ध्यान दिनु पर्ने कुराहरु

युवापुस्ताको विशेष रोजाइमा पर्ने मोटरसाइकल र स्कुटरको माग दिनहुँ बढिरहेको छ । यस्तोमा सेकेन्ड ह्यान्ड बजारको वृद्धि पनि धेरै भइरहेको...

webtopdfconverter.com

महंगिए सुर्तीजन्य पदार्थ

सरकारले सूर्तीजन्य पदार्थको सेवनलाई निरुत्साहित गर्न प्रत्येक वर्ष सूर्तीजन्य पदार्थमा अन्तशुल्क बढाउँदै आएको छ । यो वर्ष पनि सरकारले अन्तःशुल्क...

webtopdfconverter.com

फोर्ब्स २०१९ : ३० वर्षमुनिका उद्यमी

फोर्ब्स एसियाले एसिया प्रशान्त क्षेत्रमा तीन सय त्यस्ता व्यक्तिहरुको खोजी गरिरहेको छ जसलाई उसले वर्ष २०१९ का ३० वर्ष मुनिका...

webtopdfconverter.com

छिटो भनेकै

WORLDLINK

webtopdfconverter.com

वर्ल्डलिंकद्वारा नेशनल मार्केटिंग एक्सिलेन्स प्रतियोगिता २०१९ शुरु।

इन्टरनेट सेवा प्रदायक कम्पनी वर्ल्डलिंक कम्युनिकेशनस् लिमिटेडले देशका विभिन्न कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई व्यवहारीक अनुभव तथा व्यवसायीकताको ज्ञान दिन पहिलो पटक…

आज ब्ल्याक्बेरी मेसेन्जरको अन्तिम दिन

२००५ मा रिलिज भएर स्मार्टफोनमा इन्सट्यान्ट मेसेजिंगलाई भित्र्याउने मेसेन्जर एप आज सबै प्रयोगकर्ताहरूका लागि बन्द हुँदैछ । ...

nagariknews Copyright 2016 Nepal Republic Media Pvt. Ltd. | All rights reserved.